Tenzing Hillary Adventure Sports EVEREST Marathon.com World's Highest Marathon

# Tenzing-Hillary Everest Marathon

**२९ मे २०२४**

## प्रवेश फारम

हालै खिचिएको रङ्गीन फोटो
२ प्रति
अनलाइन फोटो टाँस्न लागि यहाँ क्लिक गर्नुहोस

| | |
|---|---|
| **पुरा नाम (देवनागरीमा):** | |
| **अङ्ग्रेजीमा: (CAPITAL LETTERS)** | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **लिङ्ग:** | ☐ | पुरूष | ☐ | महिला | **जन्म मिति:** | दिन | महिना | साल |

| | | |
|---|---|---|
| **नागरिकता नं:** | **जारी मिति:** | **जिल्ला:** |

| | | | |
|---|---|---|---|
| **स्थायी ठेगाना:** | | **अस्थायी ठेगाना:** | |

| | | | | | |
|---|---|---|---|---|---|
| **मोबाइल नं:** | | **फोन नं. (घर):** | | **आपतकालीन सम्पर्क नं:** | |

| | | | | |
|---|---|---|---|---|
| **दौड छनोट :** | ☐ | पुरा म्याराथन (४२.१९५ कि.मि.) | ☐ | अल्ट्रा म्याराथन (७० कि.मि.) |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **टि-सर्ट नाप :** | ☐ | XS-३६" | ☐ | S-३८" | ☐ | M-४०" | ☐ | L-४२" | ☐ | XL-४४" | ☐ | 2XL-४६" | ☐ | 3XL-४८" |

### अभिभावकको हस्ताक्षर (१८ वर्ष भन्दा मुनिका लागि)

| | | | | | |
|---|---|---|---|---|---|
| **पुरा नाम:** | | **हस्ताक्षर:** | | **नाता:** | |

### सम्झौता तथा स्विकृती:

म यो एभरेष्ट म्याराथन प्रवेश फाराम मेरो स्वस्थ मनस्थितिमा तपसिलका सम्झौता शर्तहरू पढी-बुझी मतलब र परिणाम समेत जानी सम्झौता शर्तहरू पूर्ण रूपमा परिपालना गर्न मञ्जुर गरि एभरेष्ट म्याराथन दौडमा भाग लिनको लागि सही छाप गर्दछु।

<u>सम्झौता शर्तहरू</u>

१. म स्वस्थ अवस्थामा छु र यस एभरेष्ट म्याराथन दौडको लागि पर्याप्त अभ्यास गरेको छु। म स्वस्थ रहेको र यस एभरेष्ट म्याराथन दौडमा भाग लिनको लागि स्वस्थ रहेको मेडिकल रिपोर्ट यसै प्रवेश फारम साथ पेश गरेको छु।
२. म एभरेष्ट म्याराथन दौडमा सहभागी भई मेरो स्वास्थ्य अवस्थामा कुनै प्रतिकुल असर पर्न गएमा वा काबु भन्दा बाहिरको परिस्थितिमा परि शारीरिक रूपमा असमर्थ भएमा मलाई यस दौडबाट आयोजक तथा म आफै स्वयम्, एभरेष्ट म्याराथन दौड प्रतियोगिता परित्याग गराउन वा गर्न म पूर्ण मञ्जुर गर्दछु।
३. यो एभरेष्ट म्याराथन दौड साहसिक कार्य र गतिविधिमा जोखिमता रहेको मैले राम्रोसँग बुझेर मेरो स्वेच्छाले जोखिमहरू पूर्ण स्वीकार गरि स्वस्थ मनस्थितिले मञ्जुर गर्दछु।
४. यो एभरेष्ट म्याराथन दौड आयोजक, हिमालय एक्सपिडिसन (प्रा) लि., सम्पूर्ण सम्बन्धित कम्पनीहरू, गाइडहरू, कर्मचारीहरू, अधिकारीहरू, सहयोगीहरू, उपकरणको निर्माणकर्ता र ठेकेदारहरू लगायत, उपठेकेदारहरूलाई आरोपित गरि एभरेष्ट म्याराथन दौडमा सहभागि हुँदा मेरो व्यक्तिगत समानहरू हराएको, बिग्रिएको वा कुनै प्रकारको शारीरिक, मानसिक तथा सम्पत्ति हानी नोक्सानी भएको छ भनी मैले कुनै प्रकारको क्षतिपुती हकदाबी गर्नेछैन। गरेमा यो सम्झौता शर्तको कागजद्वारा बदर गरिदिनु भनी सहीछाप गरेको छु।
५. एभरेष्ट म्याराथन दौडको आयोजक हिमालय एक्सपिडिसन (प्रा) लि.ले आयोजना गरेको यस एभरेष्ट म्याराथन दौडमा म सहभागीले व्यक्तिगत रूपमा दुर्घटनाको सम्बन्धमा सुरक्षित रहनको लागि गर्नुपर्ने बिमा, सहभागी कर्ता म स्वयम्ले गर्नेछु।
६. एभरेष्ट म्याराथन दौडको आयोजक हिमालय एक्सपिडिसन (प्रा) लि.द्वारा सञ्चालित एभरेष्ट म्याराथन दौडमा म सहभागी कर्ताको स्वेच्छाले म सहभागी भएको हुँदा कुनै पनि प्रकारको दुर्घटनाबाट मेरो शारीरिक अंगभंग वा मृत्यु हुन गएमा सो दुर्घटनाबाट हुन गएको शारीरिक अंगभंगको औषधी उपचार खर्च तथा क्षतिपुती वा मृत्युको क्षतिपुती म तथा मेरो परिवारले एभरेष्ट म्याराथन दौडको आयोजक हिमालय एक्सपिडिसन (प्रा) लि. संग गर्न पाउने छैन। कथंकदाचित गरेमा यो सम्झौताको शर्त कागजले उजुर दावी खारेज गरि दिएमा म पूर्ण मन्जुरी गर्दछु।
७. एभरेष्ट म्याराथन दौडको आयोजक हिमालय एक्सपिडिसन (प्रा) लि.लाई मेरो फोटो, भिडियो आदि प्रयोग गरे बापत आयोजकसँग कुनै प्रकारको रोयल्टी वा अन्य प्रकारको पारिश्रमिक दस्तुर माग गर्ने छैन। कुनै प्रकारको उजुर दावी गरेमा यो सम्झौता सर्तनामाका कागजले बदर गरिदिएमा मेरो पूर्ण मन्जुरी छ।
८. एभरेष्ट म्याराथन दौडको आयोजक हिमालय एक्सपिडिसन (प्रा) लि.ले मलाई प्रदान गरेको एभरेष्ट म्याराथन दौडको चेष्ट नम्बर कसैलाई दिएमा, झुटो विवरण पेश गरेमा, जालसाजी गरेमा म यस दौडबाट स्वत अमान्य घोषित भएको स्वीकार गर्न म पूर्ण मन्जुरी गर्दछु।
९. यो सम्झौताको शर्तहरू परिपालना गर्न म एभरेष्ट म्याराथन धावक पूर्ण मञ्जुर गर्दछु। कथंकदाचित यो सम्झौताको शर्तहरूको विपरित कुनै प्रकारको दावी गरेमा यो प्रवेश फारमको सम्झौता सर्तनामाका कागजले बदर गरिदिएमा म एभरेष्ट म्याराथन धावक पूर्ण मन्जुरी गर्दछु।

### महत्वपूर्ण बुँदाहरू:

एभरेष्ट म्याराथन सबैको लागी खुल्ला छ, यस दौडमा भाग लिनको लागि शारीरिक अवस्था स्वस्थ, बालिग उमेर र कानूनी कागजपत्र भएकालाई मात्र प्रदान गरिन्छ।

- प्रवेश शुल्क रू.२५,०००/- (पच्चीस हजार मात्र) तोकिएको छ र दाखिला पश्चात फिर्ता हुनेछैन।
- दुर्गम क्षेत्रका धावकहरूका हकमा सम्बन्धित गा.वि.स., कार्यालय वा सम्बन्धित संस्थाको पत्र, कागजात वा नागरिक्ता पेश गरेमा प्रवेश शुल्कमा सहुलियतको व्यवस्था गरिएको छ।
- प्रवेश फारम दाखिला गर्दा पहिचान सहितको कागजात नागरिकता वा नागरिक प्रमाणपत्रसँगै प्रमाणित हुने अन्य परिचय पत्र र २ प्रति फोटो समेत दाखिला गर्नुपर्नेछ।

***<u>प्रवेश शुल्क रू.२५,०००/- अन्तर्गत निम्न सुविधाहरू प्रदान गरिनेछ</u>***

*१) १ रात (मे २८) एभरेष्ट बेस क्याम्पमा खाने, बस्ने (२ व्यक्ति १ टेन्ट र म्याट्रेस)।*
*२) १ रात (मे २९) नाम्चे बजारमा खाने/बस्ने सुविधा।*
*३) पोर्टर मार्फत एभरेष्ट बेस क्याम्पबाट नाम्चे बजारसम्म ब्याग ढुवानी।*
*४) रेस नम्बर, रेस जर्सी, रेस ज्याकेट वा हुडी, म्याराथन किट ब्याग।*
*५) आकस्मिक दुर्घटना बिमा (२९ मे म्याराथन दिनको लागि मात्र)।*

**<u>खेलाडी (चेष्ट) नम्बर र टी-सर्टको संकलन:</u>**

- धावकहरूले खेलाडी (चेष्ट) नम्बर र टी-सर्टको सङ्कलनको लागी उपस्थित हुँदा नागरिकता वा आइ.डी. अनिवार्य देखाउनु पर्नेछ।
- धावकहरूले दौडको समयमा आधिकारिक टी-सर्ट अनिवार्य पहिरिएको हुनुपर्दछ।
- नेपाली धावकहरूले मे २८ तारिखमा एभरेष्ट बेसक्याम्पमा मध्यान्ह पछि रिपोर्ट गरिसक्नु पर्नेछ।
- नेपाली धावकहरूलाई मे २८ तारिखमा खाने (डिनर), सुत्ने सुविधा (टेन्ट) र मे २९ मा ब्रेकफाष्ट (बेस क्याम्प) र लन्च (नाम्चे) मा प्रदान गरिनेछ।
- आफूलाई आवश्यक पर्ने **स्लिपिङ्ग ब्याग आदिको** व्यवस्था धावक स्वयमले नै गर्नुपर्नेछ।
- अन्य जानकारीको लागी, कृपया प्रचारका सामाग्री तथा दौडको नियमको अवलोकन गर्नुहोस अथवा हाम्रो वेबसाइटमा जानुहोला।

**माथिका सम्झौता, बुँदा तथा शर्तहरू परिपालना गर्न पूर्ण मञ्जुर छ भनी सही छाप गरेको छु :**

| | | | |
|---|---|---|---|
| **मिति:** | | **हस्ताक्षर (दाँया कोठामा)** | |

**www.EverestMarathon.com**